**सभाका अध्यक्ष महोदय,**
**महामहिम राजदूत ज्यू**
**विभिन्न संस्थाका प्रमुख तथा प्रतिनिधिज्यूहरु**
**र उपस्थित महानुभावहरु ।**

सर्वप्रथम त आयोजक NEHURIPP Australia ले आजको यो कार्यक्रममा संविधान निर्माणमा NRNको भूमिका विषयमा यो छोटो कार्यपत्र प्रस्तुत गर्न दिनु भएकोमा हार्दिक धन्याबाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

विश्वको ४६ देशमा संस्थागत भैसकेको NRNA ले सार्क देशहरु वाहेक करिब २२ लाख गैह्र आवासिय व्यक्तिहरुको प्रतिनिधित्व गर्दछ । April १०, २००८ मा भएको संविधान सभाको निर्वाचनमा विदेशमा रहेका नेपाली नागिरकहरुलाई मताधिकारको लागि नेपाल सरकारसँग मताधिकारको लागि आवश्यक ब्यबस्था गर्नको लागि गैह्र आवसिय संघले ठूलो प्रत्यन गऱ्यो र त्यसको ब्यबस्था गर्नको लागि हामी तयार छौ भनेर पनि गैह्र आवसिय संघले आश्वासत गरायो । तर यस्तो प्रत्यन हुदाँ हुदै पनि April १०, २००८ मा भएको ऐतिहासिक संविधान सभाको मतदानबाट २२ लाख गैह्र आवासिय नेपालीहरु विमुख हुनु पऱ्यो । मतदानबाट विमुख भए पनि संविधान सभाको चुनाव केही ठाउँहरुमा बाहेक रक्तपातविहिन, शान्त वातावरणमा सफलतापुर्वक सम्पन्न भएकोमा हामी खुसी पनि छौ । नयाँ संविधान निर्माण गर्ने क्रममा सबैलाई समाबेशी गराउने नेपाल सरकारको आवाहानलाई गैह्र नेपाली संघले स्वागत गरेको थियो तर ६०१ जनाको Jumbo संविधान सभामा २२ लाख गैह्र आवासिय नेपालीहरुबाट १ जना पनि नपरेकोमा गैह्र आवासिय संघ Australiaको तर्फबाट हामी दु:ख प्रकट गर्दछौं ।

एकातिर नेपाल सरकार र प्रमुख राजनीतिक दलहरुले गैह्र आवासिय नेपालीहरुलाई नयाँ नेपाल निर्माण गर्ने क्रममा प्राथमिक्ता सार्दै अगाडि लाने प्रतिवद्धता जाहेर गर्नुभएको छ भने जव देशको महत्वपूर्ण संविधान निर्माण गर्ने क्रममा एकजना पनि गैह्र आवासिय नेपालीको समाबेश नहुनुमा प्रश्न चिन्ह खडा हुन्छ ।

अब आयो कसरी संसारभरि छरिएर रहेका गैह्र आवासिय नेपालीहरुको ज्ञान, सिप र क्षमतालाई नयाँ बन्ने संविधानमा समाबेश गर्ने भन्ने कुरा नेपाल सरकार र संविधान सभाका सदस्यहरुको काँधमा छ ।

गैह्र आवासिय नेपालीहरु संविधान बनाउने क्रममा र नयाँ नेपालको निर्माण गर्ने क्रममा सरकार र आम नेपाली दाइ भाइ तथा दिदी बहिनीहरुसँग हातेमालो गरेर जाने प्रतिबद्धता तेस्रो विश्व सम्मेलन र तेस्रो क्षेत्रिय सम्मेलनको घोषणपत्रमा समेत उल्लेख भैसकको ब्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहान्छु ।

मेरो विचारमा नयाँ बन्ने संविधानमा निम्न उपायबाट गैह्र आवासिय नेपालीहरुको संविधान निर्माण गर्ने कार्यमा समाबेश गराउन सकिन्छ ।

१) संविधान निर्माण समितिको बिशेषज्ञहरुको टोलीमा अन्तराष्ट्रिय जगतमा ख्यातिप्राप्त गैह्र आवासिय नेपालीहरुलाई मनोनित गरेर । जसको उदाहरण स्वरुप प्रा. सूर्य सुवेदी । जसको बारेमा मैले यहाँ धेरै विश्लेषण गर्नु पर्दैन् । सयूक्त राष्ट्र संघको उच्चतम गरिमामय पदमा पुग्नु भएका कुलचन्द्र गौतम जस्ता ब्यक्तिहरुलाई समावेश गरेर उहाँहरुको लामो समयसम्मको ज्ञान, अनुभव र सीपलाई सदुपयोग गर्न सकिन्छ ।उहाँहरु वाहेक सयौं प्रतिभावान गैह्र आवासिय नेपालीहरु जो आफ्नो मात्रुभूमि प्रति योगदान दिन प्रतिबद्ध भएर मौकाको खोजीमा हुनुहुन्छ, उहाँहरुलाई समावेश गराउन सकिन्छ । यो काम नेपाल सरकार र संविधान सभाका सदस्यहरुले मात्र गर्न सक्दछ ।

२) संविधान निर्माण गर्न क्रममा विश्वमा छरिएर रहेका गैह्र आवासिय नेपालीहरुको मत राय, सल्लाह एवं सुझाव संकलन गर्नका लागि NRNहरुले प्रमुख भूमिका खेल्न सक्ने व्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहान्छु । विश्वमा ४६ देशमा NRNAको संस्थागत राष्ट्रिय समितिको गठन भैसकेकोले संवन्धित राष्ट्रिय समिति र अन्य संस्थाहरुको सहयोग लिएर अन्तक्रिया कार्यक्रमहरु गरेर संविधान निर्माण क्रममा राय सुझाव पठाउन सक्दछ ।

३) संविधान निर्माण समितिबाट बनेको मस्यौदा संविधान विभिन्न देशमा रहेका गैह्र आवासिय नेपालीहरुको विशेषज्ञ टोलीहरुसँग बुदाँगत छलफल गरी सुझाव दिन समेत NRNले भूमिका खेल्न सक्दछ । यस्तो कामको लागि नेपाल सरकार र संविधान सभाको सदस्यहरुले खुल्ला हृदयाबाट हामी गैह्र आवासिय नेपालीहरु समक्ष आवहान गर्नु पर्दछ । यस्तो प्रजातान्त्रिक कार्यबाट सबै पक्षलाई फाइदा हुन्छ । यो संविधान नेपालको ऐतिहासिक संविधान बन्ने भएकोले वँचिंत गैह्र आवासिय नेपालीहरु पुन: पनि पाखा लाउने काम भएमा, त्यसको नोक्सान नेपाल सरकारलाई हुनेछ ।

४) नयाँ संविधानदारा देशलाई संघिय गर्ने क्रममा विभिन्न देशमा रहेका गैह्र आवासिय ब्यक्तिहरु जो लामो समय देखि केन्द्रिय र प्रान्तिक सरकारको कार्यमा समाबेश भेसकेका र भएका छन्, उहाँहरुको अनुभवलाई NRNले संविधान निर्माण कर्ताहरुसँग आदान प्रदान गर्न सक्दछ । जस्तो उदाहरणको लागि Australia, USA, UK, SA, Switzerland जस्ता देशहरुमा नेपालबाट भ्रमण टोली पठाई ठूलो रकम खर्च गरेर त्यस देशको राज्य संचालन प्रणाली अध्ययन गर्ने समय र खर्चलाई गैह्र आवासिय नेपालीहरुको लामो समयसम्मको अनुभवलाई सदुपयोग गरेर बचाउन सकिन्छ ।

माथि उल्लेखित बुदाँहरु वाहेक कसरी गैह्र आवासिय नेपालीहरुले नयाँ बन्ने संविधानमा कस्तो भूमिका निर्माण गर्न सक्दछन् भन्ने कुरा नेपाल सरकार र संविधान सभाका सदस्यहरुले गैह्र आवासिय नेपालीहरु कसरी परिचालन गर्दछन्, त्यसमा भर पर्दछ । ज्ञान, सीप र क्षमताबाट प्रवासी नेपालीहरुको ठूलो हिस्सालाई कसरी समावेश गराउने भन्ने कुरा व्यक्ति-व्यक्ति विच विचार आदान प्रदान र अनौपोचारिक विचार, विश्लेषणबाट निकालिएका भावानाहरु नेपालीका र विश्वमा छरिएर रहेका संचारको जनजाल मार्फत लेख, रचना एवं भावानाहर व्यक्त गरेर पनि

हाम्रो ऐतिहासिक संविधान बनाउने क्रममा सहयोग गर्न सकिन्छ । उदाहरणको लागि विगतमा संविधान सभाका चुनौतीहरुको बारेमा विभिन्न गैह्र आवासिय व्यक्तिहरुले नेपाल र वाहिरको ख्यातिप्राप्त संचार माध्यमहरुबाट लेख, रचना र विचार ब्यक्त गरेको ब्यहोरा यहाँहरु समक्ष अवगत गराउन चाहान्छु । गैह्र आवासिय नेपालीहरुको विशाल जमातलाई नयाँ संविधान बनाउने क्रममा संलग्न गराउने कामको वल नेपाल सरकार र संविधान सभाका सदस्यहरुको हातमा छ ।

NRNA तेस्रो विश्व सम्मेलनमा नेपाल सरकार एंव प्राय सबै ठूला राजनीतिक दलहरुको दोहोरो नागरिकता सम्बन्धी सकारात्मक प्रतिबद्धतालाई नयाँ बन्ने संविधानमा समावेश गरेर पूरा गर्ने समय आएको छ । विश्वमा दोहोरो नागरिकता हुने लहर र त्यसको सकारात्मक प्रभाव छ, त्यसलाई नेपाललेमात्रै संकुचित रुपले हेर्नुपर्ने कुनै कारण छैन् । सार्क देशहरुमा भारत, पाकिस्तान, श्रीलंका, बंगलादेशमा दोहोरो नागरिकता छ भने नेपालमा दोहोरो नागरिकता दिदां राष्ट्रियतामा आँच आउँदछ भन्ने सानो समुहलाई म के विन्ती गर्दछु भने सूर्यलाई हतकेलाले छेल्न खोज्नु भन्ने मात्र हो । विभिन्न देशहरुले दोहोरो नागरिकता विधेयक पास गराउने क्रममा ठूलो अनुसन्धान गरेका छन् जसले बेफाइदा भन्दा बढी फाइदा भएको ती देशहरुले जनाएका छन् । त्यसकारण यी कुराहरुलाई हामी सबैले मध्यनजर गर्न जरुरी छ ।

अन्त्यमा नयाँ नेपालको ऐतिहासिक संविधान लेखनमा गैह्र आवासिय नेपाली Australia को तर्फबाट जुनसुकै सहयोग र भूमिका निभाउन तयार रहेको प्रतिबद्धता समेत यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

गोवा कटुवाल
अध्यक्ष
गैह्र आवासिय संघ अष्ट्रेलिया